## तेस्रो गाउँ सभामा प्रस्तुत

# बजेट नीति तथा कार्यक्रम

### आर्थिक वर्ष २०७५।०७६

**गौमुल गाउँपालिका**

**घटमुना, बाजुरा**

**२०७५।३।१०**

**गौमुल गाउँपालिका**

**प्रथम गाउँसभामा प्रस्तुत**

**बजेट बक्तव्य**

**२०७५ साल असार १० गते**

**अध्यक्ष महोदय,**

गौमुल गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को बजेट नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न गईरहेकोछु । यस समयमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्न चाहान्छु ।
राष्ट्रियता, लोक्तन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष , त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

**अध्यक्ष महोदय,**

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको स्वायत्त स्थानीय तह भित्र सार्वभौम गाउँपालिकालाई आर्थिक समानता , समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै आफ्नो क्षेत्रको विकासका लागि साधनको विनियोजन परिचालन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरण गर्ने योजना तर्जुमा गरी सञ्चालन गर्ने जिम्मेवारी र अधिकारको उपयोग जवाफदेहिता वहनलाई मनन गरी आगामी आर्थिक वर्ष २०७५।०७६को बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएकोछ ।

अध्यक्ष महोदय
अव म चालु आर्थिक वर्षको क्षेत्रगत समिक्षात्मक प्रस्तुत गर्न गैरहेकोछु ।

**१ आर्थिक विकास**

कृषि तर्फ

- सिमी उत्पादन ब्लक (सिमी विउ वितरण, सिमी संकला केन्द्र स्थापना, बजार व्यवस्थापन तथा व्यावसायिक योजना तालिम सञ्चालन, कृषि औजारहरु वितरण भएकोछ)
- सुन्तला उत्पादन पकेट क्षेत्र (पचास प्रतिशत अनुदानमा सुन्तला कागतीको विरुवाहरु वितरण, बगैचा व्यवस्थापन तालिम सम्पन्न गरिएकोछ)
- तरकारी तथा मसला विकास कार्यक्रम (स्थानीय जातको अपहेलित वालिहरुको परिकार प्रदर्शनी तालिम, तरकारी मिनीकिट तथा तरकारी प्याकेज कार्यक्रमसञ्चालन , बेमौसमी तरकारी खेतीका लागि प्लास्टिक टनेल थोपा सिंचाई वितरण , घरवारी व्यवस्थापन र

सूनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि तालिम, अदुवा अलैचि विरुवा वितरण गरीएकोछ)

- माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम सञ्चालन गरी माटोको नमुना संकलन गरीएकोछ (माटो परीक्षण शिवीर सञ्चालन)
- कृषि प्रसार (समूह गठन तथा दर्ता , कोदो फाँपर धान मकै गहुँ विउ वितरण , कृषि मेला प्रदर्शनी, नास्पती आरु ओखर स्याउ खुर्पानी जातका विरुवा वितरण , च्याउ खेति तालिम च्याउको विउ वितरण, पचास प्रतिशत अनुदानमा मौरी घार र सिडविन वितरण, प्लाष्टिक पोखरी निर्माण, कृषि सिकाई केन्द्र स्थापना भएकोछ )

**पशु सेवा शाखा**

- पशू आहारा ( हिउँदे घाँस र डाले घाँस वितरण )
- पशू सेवा प्रसार (पशू स्वास्थ्य शिविर सञ्चालन, पशूपञ्छी प्रोफाईल निर्माण, गोठेमल तथा मलखाद सुधार, समुह गठन तथा दर्ता)
- तालिमहरु (गाई भैंसी पालन तालिम, कुखुरा पालन तालिम, भेडा बाख्रापालन तालिमहरु सम्पन्न भएका छन)
- नश्ल सुधार कार्यक्रम(उन्तत जातका बोका, राँगा थुमा वितरणका साथै २३ सय कुखुराको चल्ला वितरण गरिएका छन)

**वित्तीय सेवा तर्फ**

- सहकारी लेखा तथा व्यवस्थापन तालिम
- अल्लोभाङ्ग्रो प्रशोधन तालिम
- सहकारी मार्फत यूवा स्वरोजगार कोष परिचालन भई यूवाहरुलाई व्यावसायमा आवद्ध गरिएकोछ

**२ सामाजिक विकास तर्फ**

- आवधिक गाउँ विकास योजना निर्माणको अन्तिम चरणमा पुगेकोछ ।
- उच्च शिक्षा अध्ययनका लागी छात्रवृत्ती वितरण गरिएकोछ ।
- परम्परागत साँस्कृतिहरुको संरक्षण तथा प्रबर्धन कार्यक्रम सञ्चालन भएकोछ ।
- गाउँपालिका प्रोफाईल निर्माण भैसकेकोछ ।
- गाउँपालिका सडक गुरुयोजना निर्माण भएकोछ ।

**स्वास्थ्य तर्फ**

- स्वास्थ्य शिविर सञ्चालन गरिएकोछ ।
- वडा नं १, ३ र ६ मा सामुदायिक स्वास्थ्य ईकाइ केन्द्रहरुको भवन निर्माणभएका छन
- पुराना महिला स्वास्थ्य स्वयम सेविकाहरुको विदाई तथा नयाँ भर्ना गरिएकोछ ।

**३ पूर्वाधार विकास**

- गाउँपालिका भवन निर्माणको कार्य थालनी भई फाउण्डेसनको काम सम्पन्न हुँदैछ ।
- घटमुना काल्च्या सडक निर्माण भएकोछ ।
- घटमुना वसाला सडकको स्तरोन्ती भएकोछ ।
- घटमुना मार्तडी सडकको स्तरोन्ती भएकोछ ।

- गाउँपालिकामा सञ्चालनमा रहेका लघु जल विद्युत आयोजनाहरुको स्तरोन्ती तथा मर्मत सुधारलाई निरन्तरता दिईएकोछ ।
- वडा नं १, २, ३ र ५ को वडा कार्यालयहरुको भवनहरु निर्माण भई कार्यालयको व्यवस्थापनका लागी कार्यालय सामानहरुको खरिद ढुवानी भई सकेकोछ ।
- वडा नं ४ मा सहकारी संस्थाको भवन निर्माण भएकोछ ।
- गाउँपालिकामा रहेका १० वटा विद्यालयहरुको भवन , खेलमैदान, शौचालय र घेरबार निर्माण भएका छन ।
- ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना र गाउँपालिकाको लगानीमा गाउँपालिकाको जल उपयोग गुरुयोजना अद्यावधिक गरिएकोछ भने खानेपानी तथा सिंचाई आयोजनाहको निर्माण कार्य सम्पन्न भई सकेका छन ।
- गाउँपालिकाको केन्द्रमा कार्यालय , आवाश, न्यायिक समितिको ईजलासर सभा हलका लागि अस्थायी टहराहरुको निर्माण ,गाउँपालिका केन्द्र घटमुना गौंणा बाटो निर्माण ,गाउँपालिका भवन फिल्ड मेशिनरी ग्याविनवाल निर्माण ,सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न भएका छन भनेगाउँपालिकामा बैंक स्थापनाका लागि अस्थायी टहराको निर्माणकार्यको थालनी गरीएकोछ ।
- गाउँपालिकामा स्थायी शान्ती र सुरक्षका लागी प्रहरी चौकी स्थापनाका लागी पहल भई २०७५ श्रावणबाट गाउँपालिकाको केन्द्र घटमुनामा प्रहरी चौकी स्थापना ह भएकोछ र सोका लागी भवन निर्माणका लागी सम्भाव्यता ध्ययन कार्य
- गोरेटो बाटोहरु मर्मत तथा सुधार गीएका छन ।

**४ वातावरण तथा विपद व्यवस्थापन**

- विपद जोखिम न्यूनिकरण समिति गठन तथा कोष स्थापना भएकोछ भने विपद पर्दा विपद व्यवस्थापनका लागी आवश्यक सामाग्रीहरुको खरिदका लागी रकमको व्यवस्थापन गरिएकोछ ।
- नदी नियन्त्रण तथा तटबन्धनका लागी विभिन्न ठाउँमा तटबन्धनका निर्माण कार्य भएकोछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुको सशक्तीकरणका लागी सामुदायिक वनहरुको लगत संकलन गरिएकोछ ।
- सामुदायिक वनहरुमा खाली रहेको जग्गाहरुमा वृक्षारोपणका लागी नर्सरी स्थापना भई १० हजार फलफुल र अन्य विरुवाहरुको उत्पादन गरिएकोछ ।
- जलाधारहरुको संरक्षण तथा मुल सुधारका लागी गाउँपालिकामा मूल सुधारका योजनाहरु निर्माण भएका छन ।

**५ संस्थागत विकास तथा सेवा प्रवाह**

- बृहत शैक्षिक सेमिनार सञ्चालन भएकोछ ।
- महिलाहरुका लागी नेतृत्व सीप विकास र गाउँपालिकाबाट सम्पादन हुने न्यायमा महिलाहरुको पहुँच सम्बन्धि ५ दिने तालिमसम्पन्न गरिएकोछ ।
- गाउँपालिका जनप्रतिनिधि, कर्मचारी र कृषकहरुको अध्ययन अवलोकल भ्रमण गरिएकोछ ।

**अध्यक्ष महोदय,**

देशकै दुर्गम भुभागमा रहेको हाम्रो गाउँपालिका आयश्रोतको सम्भावना भएको क्षेत्र हो । तथापि यसको समुचित प्रयोग र विकासमा हामीले लिएका उदेश्यहरु हाँसिल गर्न केही चुनौतीहरुलाई निम्न बमोजिम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

क) जनताहरुको विकासप्रतिको तिव्र चाहना र असिमित आवश्यकतालाई सिमित साधन श्रोत र राजश्व संकलनको न्यून क्षमताले पूर्ति गर्न सहज छैन ।

ख) भौगोलिक विकटता यातायातको अभाव र सञ्चारको पहुँच नहुँदा सहज छैन ।

ग) छरिएर रहेको वस्ती भिरालो जमिन उर्वर भुमि एकातिर छ भने अर्कोतिर जनतालाई आत्मनिर्भर बनाउनु चुनौतिपूर्ण रहेकोछ ।

**अध्यक्ष महोदय,**

हाम्र विचमा थुप्रै चुनौती हुँदाहुँदै पनि गाउँपालिकाको दिगो विकास र समृद्धीउन्मुख लक्ष्य पुरा गर्न यो बजेट तय गरेकोछु । बजेटका उदेश्यहरु निम्नानुसार रहेकाछन:

- सिमित श्रोत साधानलाई उचित एवं अधिकतम प्रयोग गरी जनताको आधारभुत आवश्यकतालाई परिपूर्ति गर्नु ।
- उपलब्ध श्रोत र साधनको न्यायोचित वितरण गर्ने र समान अवसरको वातावरण सृजना गरी समानतामा आधारित समाज निर्माण गर्नु ।

यी उदेश्यहरु संघ सरकार र प्रदेश सरकारले तय गरेका उदेश्यहरुलाई समेत मध्येनजर गर्दै आगामी वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेकोछु ।

- आधारभुत पूर्वाधार निर्माण ।
- जडिबुटी व्यवसाय प्रबर्द्धन ।
- जलश्रोतको बहुआयामिक उपयोग ।
- राजश्व बृद्धि ।
- आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच ।
- प्रर्यटन प्रबर्द्धन ।
- सूचना र प्रविधिमैत्रि प्रशासन ।
- स्वरोजगारोन्मुख कार्यक्रम सञ्चालन ।
- व्यावसायिक कृषि प्रणाली ।
- गुणस्तरिय तथा व्यावसायिक शिक्षा ।
- भुमि व्यवस्थापन र प्रयोग ।
- आवधिक गाउँविकास योजना र क्षेत्रगत नीति निर्माण ।

**अध्यक्ष महोदय,**

अव म योजना तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु /

- जनताको आधारभुत आवश्यकता पूर्ति हुने ।
- दिगो विकास ।

- सम्पन्न हुन सक्ने क्रमागत योजनाहरु ।
- जनातलाई प्रत्यक्ष लाभ पुर्याउन सक्ने ।
- आयश्रोतमा टेवा पुर्याउने ।
- जनचेतना अभिबृद्धि हुने ।

**अध्यक्ष महोदय**

अव म आर्थिक वर्ष २०७५।०७६ को नीति बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छुः

क) गाउँपालिकाको समग्र विकासका निम्ती संघ सरकार , प्रदेश सरकार र स्थानीय सरकारले लगेका उदेश्य पूरा गर्न सम्पूर्ण नीजि गैर सरकारी तथा सहकारी क्षेत्रसंग समन्वय गरिनेछ ।

ख) आगामी आर्थिक वर्षको श्रावण महिना देखि मदिरा सेवनकार्ड पूर्ण रुपमा लागु गरिनेछ ।

ग) स्वास्थ्य विमा कार्यक्रमलाई तिव्रता दिईनेछ ।

घ) शैक्षिक क्षेत्रको सुधार गर्न विद्यालय समायोजन अति आवश्यक देखिएकाले विद्यालयहरु समायोजन नीति लिईनेछ ।

ङ) विद्यार्थीहरुको शारीरिक तथा मानसिक तन्दुरुसतीका लागी हरेक दिन संगित , खेलकुद र योगाभ्यास अनिवार्य वनाउन एक विद्यालय एक खेल संगित शिक्षक टेनर तालिम गराईनेछ ।

च) गाउँपालिकामा विद्यार्थीहरुलाई प्रोत्साहन गर्न **मदन आश्रित छात्रवृत्ती कोषको** स्थापना गरिनेछ ।

छ) गाउँपालिकामा जडिबुटी क्षेत्रको व्यापक बृद्धिका लागी **जनतासँग जडिबुटी** कार्यक्रम लागु गरिनेछ ।

ज) अव्यवस्थित पशुपंक्षी पालनलाई पूर्णरुपमा व्यवस्थित गरि वातावरणीय स्वच्छता कायम गरिनेछ र यसका लागी छाडा तथा आवश्यकता भन्दा बढी पशुपंछी पालन बन्द गर्ने नीति लिईनेछ ।

झ) खडेरी विहीन हरियो गाउँपालिका बनाउन नाङ्गा भागहरुमा वृक्षारोपण तथा एक घर १० विरुवाको नीति लिईनेछ ।

ञ) क्रमागत योजनालाई प्राथमिकता दिईएकोछ ।

ट) जनताको घरदैलोमा स्वास्थ्य सेवा पुर्याईनेछ ।

ठ) उपचार भन्दा रोग नै नलाग्न दिने गरी रोकथाम अभियान संचालन गरिनेछ ।

ड) आगामी पाँच वर्षमा स्वच्छ खानेपानी हरेक वस्तीमा पुर्याईनेछ ।

ढ) गाउँपालिका भित्रका सबै लघु जल विद्युत आयोजनालाई आगामी २ वर्ष भित्र एकीकृत गरि संचालनमा ल्याईनेछ ।

**अध्यक्ष महोदय**,

अव म आर्थिक वर्ष २०७५।०७६ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छुः

**१ सामाजिक विकास तर्फ**

**शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई संस्कृती तथा पर्यटन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**१.१ शिक्षा**

- शैक्षिक गुणस्तरबृद्धि गर्नका लागी विद्यालय समायोजन यसै वर्षबाट गरिनेछ । यसका लागी आवश्यक भौतिक पूर्वाधारको निर्माण जनशक्ती व्यवस्थापनको कार्य थालनी गरिनेछ । समायोजन भएका विद्यालयहरुमा कक्षा १ बाटै अंग्रेजी माध्यामबाट अध्यापनको व्यवस्थापन गरिनेछ । आगामी चैत्रबाट शुरु अने गरी पहिलो चरणमा वडा नं १ बाट विद्यालय समायोजनको प्रक्रिया अघि बढाईनेछ । यसका लागी आवश्यक पर्ने भौतिक पूर्वाधारको सम्भाव्यता अध्ययन कार्य यथासिघ्र गरिनेछ ।
- सबै विद्यालयहरु प्रविधिमैत्री बनाईउदै लगिनेछ । यसकालागी दक्ष जनशक्ती र आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ ।
- सबै तहको बार्षिक परीक्षा गाउँपालिका स्तरीय बनाईनेछ । प्रत्येक विद्यालयमा हरेक महिनाको अन्तिम तीन दिन अनिवार्य कक्षा टेष्ट परीक्षा लिनु पर्ने नीति लिईएकोछ
- विद्यार्थीको सिकाई उपलब्धिमाबृद्धि गर्न विद्यार्थीहरुलाई शारीरिक रुपमा तन्दुरुस्त र पढाईमा रुचिमैत्री वातावरणको आवश्यकता रहेकाले यसका लागी हरेक दिन खेलकुद योगाभ्यास र संगीतमय वातावरणका लागी एक विद्यालय एक वातावरणमैत्री टेनर शिक्षक तयार पारिनेछ ।
- सबै विद्यालयहरुमा विषयगत शिक्षक मिलान गरिदै लगिनेछ ।
- शिक्षकहरुलाई तीन वर्ष पछि अनिवार्य सरुवालाई कडाईका साथ कार्यान्वयन गरिनेछ । यसै वर्षको बर्खे विदा पछि यो कार्यको थालनी गरिनेछ ।
- विद्यालयको लेखा प्रणालीलाई चुस्त दुरुस्त बनाउन विद्यालय कर्मचारीलाई नियमित तालिमहरु संचालन गर्दै लगिनेछ भने विद्यालयको लेखा परीक्षणलाई व्यवसस्थित बनाईदै लगिनेछ ।
- विद्यालय हाता भित्र कुनै पनि प्रकारका अनैतिक गतिविधि तथा मध्यपान मदिरापान र सुर्तिजन्य पदार्थमा पूर्ण रुपमा प्रतिबन्ध गरिनेछ ।
- विद्यार्थी संख्या मापदण्ड अनुसार नपुगेका शिक्षक दरबन्दी नभएका र कक्षा थप्न नपर्ने विद्यालयहरु स्वीकृती कक्षा र दरवन्दीमा झार्ने यस्ता विद्यालयहरुलाई तल्लै कक्षाबाट गुणस्तरीयताका लागी आवश्यक बन्दोवस्त मिलाईनेछ ।
- अव निर्माण हुने विद्यालयका भौतिक पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गमैत्री र भुक्मप प्रतिरोधात्मक बनाईनेछ ।
- विभिन्न संघसंस्थाहरु सँगको साझेदारीमा विद्यालयलाई प्रविधिमैत्री बनाउन विषेश पहल गरिनेछ ।
- गाउँपालिका भित्रका माविहरुमा सेनीटरी व्यवस्थापनमैत्री शौचालयहरु निर्माण गरिनेछन ।
- गाउँपालिका भित्रका जेहन्दार छात्रछात्राहरुलाई छात्रबृत्ती प्रदन गर्न मदन आश्रित छात्रबृत्ती कोष स्थापना गरिनेछ ।

**१.२ स्वास्थ्य:**

**रणनितिहरु**

१. गुणस्तरीय स्वास्थ्य सेवामा जनताको पहुँच हुने गरीप्रभावकारी सेवा उपलब्ध गराइनेछ ।
२. पोषणयुक्त खानेकुराको वारेमा चेतना बढाउदै पोषण कार्यक्रमलाइ थप प्रभावकारी गराइनेछ ।
३. नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु वढाइनेछ
४. स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ ।
५. स्वास्थ्य क्षेत्रमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई बढाइनेछ ।
६ .स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा , प्रवदर्दनात्मक सेवा , उपचारात्मक सेवा , पुनर्स्थापनात्मक र प्रसामक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु बनाइनेछ।
७. स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ।
८. नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रवदर्दनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ।

## बाल स्वास्थ्य सम्वन्धि नीतिहरु

१. पुर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै गा.पा.खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई हरेकवर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।
२. खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।
३. खोप केन्द्रहरुलाई व्यवस्थित गरिनेछ ।
४. कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामाग्री तथा स्थानको व्यवस्थापन गरिनेछ ।
५. पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
६. हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ र पोषीला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषीला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ ।

## परिवार स्वास्थ्य कार्यक्रम

१. वर्षमा एक पटक संघ तथा प्रदेश स्वास्थ्य निकायसंग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।
२. नव विवाहीत दम्पतिहरुको पहिचान गरी आवश्यक साधन छनौटको लागि परामर्श प्रदान गरिनेछ ।
३. सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ५ वटा साधन डिपो / पिल्स / कण्डम/ IUCD / इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ ।
४. सेवाग्राही मैत्री प.नि. सेवा प्रदान गरिनेछ ।
५. आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन यातायात खर्चको वितरण प्रणालीलाई चुस्त बनाइनेछ ।
६. पुर्ण गर्भवति जांच एंव पुर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छ । यसका लागि म.स्वा.स्व.स स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिने छ । यस अभियानको संयोजक उपाध्यक्षलाई वनाइने छ ।

७. “इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ” भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवारमा तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ ।

८. आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्वेवार बनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेशण गर्नुपरेमा लाग्ने एम्वुलेन्स खर्च यस गा.पा.वाट स्रोध भर्ना गरिनेछ । (रु- १०००० दस हजार सम्म)

९. PMTCT कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. स्वास्थ्य आमा समूहलाई सुदृढीकरण गर्ने कार्यक्रमहरु राखिने छ ।

## रोग नियन्त्रण कार्यक्रम

- समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिने छ।
- सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ । नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ । यसलाई आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गा.पा. वाट नै गरिने छ।
- महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर आर टि लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ।
- क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ।
- डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ । यसमा स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ।
- जटिल प्रकारका क्षयरोगहरु (DR/SDR )लाई समयमै पहिचान तथा व्यवस्थापन को लागि पहल गरिने छ।
- क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि गाउँपालिकाको केन्द्र भागमा ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ।
- क्षयरोगका विरामिलाई पोषण भत्ताको ब्यवस्थापन गरिने छ।
- कुष्ठरोगका विरामि तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम ल्याइनेछ

## म.स्वा.स्वं.से. कार्यक्रम

१. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ ।

२. वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुढृढीकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ ।

३. सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ति विशेषत मातृ तथा वालस्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम संचालानार्थ म.स्वा.स्वं.से. हरुलाई संचार खर्च वापत प्रति महिना रु २०० का दरले प्रदान गरिने छ ।

**स्वास्थ्य संस्थाको फोहोर मैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम**

१. स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापनका लागि स्वास्थ्य सेवा विभाग स्वास्थ्य मन्त्रालयको निर्देशिकाको पालना गरिने छ ।

२. स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिइने छ । गा.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गरी उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा का.स. हरुलाई पुरस्कृत गरिने छ ।
३. हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ र गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।
४. फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।
५. वर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ ।
६. स्वास्थ्य संस्थाहरुको मर्मत संभार तथा खानेपानीको व्यवस्थापनको लागि यथेस्ट वजेटको व्यवस्था गरिने छ ।
७. गुणस्तरको स्वमूल्याङ्कन गरी उपभोक्ताको सुन्तुष्टीमा वृद्दि ल्याउने क्रियाकलाप संचालन गरिने छ ।

**स्वास्थ्य पुर्वाधार**

१. स्वास्थ्य सेवामा सर्वव्यापी पहुंच वृद्धि गर्नको लागि यस गा.पा.अन्तरर्गतका ६ वडाहरुमा १/१ वटा स्वास्थ्य संस्था स्थापना गर्नको निम्ति कम्तिमा ४ रोपनी तत् तत् स्थापनामा जग्गाको व्यवस्थापन गरिनेछ । साथै यसको भवन निर्माणको लागि प्राप्त हुने वजेटमा समपुरक वजेटको व्यवस्था समेत गरिनेछ ।
२. यसरी हरेक वडामा स्वास्थ्य संस्था स्थापना गर्दा पनि सेवाको मुलधारमा आउन नसकेका समुदायलाई आधारमूत स्वास्थ्य प्रदान गर्नको निम्ति स्थानिय स्रोतमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ ।
३. हरेक गा.पा. मा १५ शैया को अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार सो को स्थापनार्थ आवश्यक पर्ने १२ रोपनी वा जनसंख्याको आधारमा सो भन्दा वढी को जग्गा यसै वर्षमा व्यवस्थापन गरिनेछ ।

## स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

- स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ ।
- म.स्वा.स्वं.से हरुको मासिक समिक्षालाई प्रभावकारी वनाइने छ साथै नियमानुसार उत्प्रेरणा गरिने छ ।
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक वैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।
- मासिक अनलाइन तथ्याङ्क प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई उपलब्ध गराइने छ ।
- स्वास्थ्य सेवाहरुको रेकर्डिङ तथा रिपोर्टिङको लागि आवश्यक पर्ने फाराम रजिष्टर छपाइका लागि यथोचित वजेट व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दि वा तालिम गर्नका लागि स्वास्थ्य संस्था मै कोचिङको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिने छ ।

- रेकडिङ रिपोटिङ कार्यमा संम्लग्न स्वास्थ्य कर्मिलाई DHIS2 को तालिमको लागि प्रवन्ध मिलाइने छ।

## सामाजिक सुरक्षा कार्यक्रम

- राष्ट्रिय विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ ।
- विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु संचालन गरिनेछ । (घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु)
- गरीवीको परिचय पत्र प्राप्त गर्न नसकेका विपन्न नागरीकहरुको विमाको लागि गा.पा.को तर्फवाट विमित गर्ने व्यवस्था मिलाइने छ ।
- विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ ।

## स्वास्थ्य शिक्षा व्यवहार /

- समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि F.M. रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ ।
- स्थानीय स्तरमा हुने विशेष मेला तथा महोत्सवहरुमा स्वास्थ्य शिक्षा प्रवद्दर्दन गर्ने क्रियाकलापलाइ संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको अनिवार्यता गरिने छ ।
- किशोर किशोरीहरु संग स्वास्थ्यकर्मी हरुको अन्तरकृया नियमित गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि वनाइने छ ।
- माध्यामिक शिक्षामा प्रजनन स्वास्थ्य का विषयहरुको कक्षा स्वास्थ्यकर्मी वाटै गरिनेछ । यसका लागि स्वास्थ्यकर्मी लाई उत्प्रेरीत गरिनेछ । खाजा खर्च व्यवस्थापन गरिने छ ।
- समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक, दोहोरी गित, वक्तृत्वकला जस्ता प्रतियोगिता संचालन गरिने छ ।
- स्वास्थ्यका महत्वपुर्ण दिवसहरु म.स्वा.से दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्दको दिवस लाई अवसरको रुपमा मनाइने छ ।
- सुर्तिजन्य पदार्थको नियमन एेन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ, साथै यसका लागि वजार अनुगमनलाइ नियमित र प्रभावकारी गरिने छ ।

## निशुल्क औषधि तथा भण्डारण कार्यक्रम

- औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको भण्डारणको लागि अत्याधुनिक भण्डारण कक्षको निर्माण कार्य शुरु गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरीनेछ । निशुल्क औषधि को लागि थप रु ५ लाख ससर्त वाहेक विनियोजन गरिनेछ ।

- गा.पा. वाट स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामाग्रीहरुको दुवानी व्यवस्था मिलाइनेछ साथै केन्द्र तथा प्रदेशवाट जिल्ला मार्फट प्राप्त हुन आउने औषधिहरुको समेत ढुवानीको व्यवस्था मिलाइनेछ ।

## राष्ट्रिय यौन तथा एडस नियन्त्रण कार्यक्रम

- प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातयात खर्चको ब्यबस्थापनको लागि पहल गरिने छ।
- PLHIV हरूलाई उपचार केन्द्र (ART site) सम्म जान यातयात खर्चको व्यवस्था गरिने छ ।
- एच.आई.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षाको लागी मासिक १ हजार रूपैया प्रदान गरिने क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

### १.३ खानेपानी तथा सरसफाई

- ५ वर्ष भित्र सबै जनताको घरमा स्वच्छ खानेपानी अनिवार्य पुर्याउने नीति लिईनेछ ।
- एक वर्ष भित्र खानेपानी गुरुयोजना तयारपारी सकिनेछ ।
- प्रत्येक गाउँमा पानी पुलिसको व्यवस्था गरिनेछ ।
- निर्माण भएका पानीका मुहानहरुमा विशेष मुहन संरक्षण कार्यक्रम लागु गरिनेछ ।
- प्रत्येक वर्ष सरसफाई सम्मेलन गरिनेर्छ भने पूर्ण सरसफाईको अभियानलाई तिव्रता दिई स्वच्छ र सफा गाउँको निर्माण गरिनेछ ।
- प्रत्येक वडा कार्यालयमा वडा समितिको प्रत्येक महिना एकपटक अनिवार्य सरसफाई सम्बन्धि बैठक बसि समिक्षा गरन् नीति लिईनेछ ।

### १.४ साँस्कृतिक प्रबर्द्धन

- स्थानीय सँस्कृती र परम्परालाई प्रबर्द्धन एवं व्यवस्थापन गर्दै लगिनेछ ।
- परम्परागत साँस्कृतिक धार्मिक वस्तु झल्किने तथा गाउँपालिका भित्र उपलब्ध सम्पूर्ण चिजविज सहितको एक संग्राहालय स्थापना गरिनेछ । यो कार्य आगामी २ वर्ष भित्र पुरा गरिनेछ ।
- स्थानीय भेषभुषाको संरक्षण र प्रबर्द्धनमा विशेष जोड दिईनेछ भने स्थानीय भेषभुषाको संरक्षण र प्रबर्द्धनमा विशेष जोड दिईनेछ भने स्थानीय सँस्कृतीहरुको संरक्षणकालागी विशेष कार्यक्रम ल्याईनेछ ।
- आगामी ३ वर्ष भित्र गाउँपालिकामा एक साँस्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।
- यसगाउँपालिकामा रहेका साँस्कृतिक पर्व तथा धरोहरहरुबारे प्रचारप्रसार गरिदै लगिनेछ भने धार्मिक मठमन्दिरहरुको तथ्याङ्क संकलन गरी प्रोफाईल तयार पारिनेछ ।

### १.५ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा समान सहभागिता सहितको समाज निर्माण अभियानको नीति लिदै । लैंङ्गिक विभेद अन्त्य र समाज निर्माणमा अपनत्वको भावना बृद्धिविकास गर्न सबै पक्षको सहायता र सहयोगबाट अगाडि बढिनेछ ।
- प्रत्येक वडामा महिला अधिकार मञ्च गठन गरि महिलाहरुलाई सशक्तीकरण कार्यक्रम महिला व्यवसाय तथा महिलाहरुको नेतृत्व स्थापित गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछन । आगामी आर्थिक वर्षबाट प्रत्येक वडामा तालिम तथा अन्य महिला व्यवसायीहरुलाई विशेष प्राथमिकता दिईनेछ ।
- दलित महिला तथा जनजातीहरुलाई हरेक क्षेत्रमा (संघ संस्था उपभोक्ता समिति समूह गठन आदि) सहभागिता तथा ईक्वाईल समावेशीको सिद्धान्तबाट अघि बढिनेछ ।
- घरेलुहिंसा पूर्ण रुपमा बन्दको अभियान सञ्चालन गरिनेछ । घरेलु हिंसाजन्य कार्य गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याई कार्वाही गरिनेछ ।
- हरेक व्यक्तीलाई सिर्जनशिल बनाउन सचेतना तथा व्यक्ती जागरण अभियान संचालन गरिनेछ । यसका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय अभियन्ताहलाई गाउँपालिकामा भित्र्याईनेछ ।

## २. आर्थिक विकास

### २.१ कृषि

- कृषिबालीमा आत्मनिर्भर गाउँपालिका बनाउँदै लगिनेछ । माटो परीक्षण गरी माटो सुहाउँदो वाली क्षेत्रहरु तयार पारिनेछन् ।
- गाउँगाउँमा कृषक समूह गठन गरिनेछन् भने कृषि व्यवसाय तथा समूहलाई सहकारी मार्फत सहुलियत तथा प्राथमिकतामा राखि ऋण उपलब्ध गराईनेछ ।
- परम्परागत वालीको संरक्षण तथा प्रबर्द्धन गर्न विउको व्यवस्थापनमा जोड दिईनेछ भने रैथाने जौ वालीको प्रबर्द्धनमा विशेष जोड दिईनेछ ।
- नगदेवाली विकास कार्यक्रम अन्तर्गत अलैची उखु चिया र कफि खेतीको सम्भावना अध्ययन गरी अलैची र कफीको नर्सरी स्थापना गरिनेछ ।
- किसानले खेतीपातीको क्रममा भोग्नु परेको समस्या तथा कृषि सम्बन्धि समस्यालाई टेलीफोन मार्फत समाधान गर्न किसान कल सेन्टर स्थापना गरी सञ्चालन गरिनेछ । यसका लागी गाउँपालिकाले प्रदेश सरकारसाग विशेष पहल गर्नेछ ।
- गहुँ आलु पाठशाला संचालन गरिदै लगिनेछन भने गाउपालिकाका विभिन्न भागहरुमा माटव परीक्षणलाई निरन्तरता दिईनेछ ।
- साना सिचाई हिउँपोखरी प्लाष्टिक पोखरी निर्माण तथा पुरानो संरचना मर्मत कार्यलाई निरन्तरता दिईनेछ ।

- स्थानीय उत्पादनबाट बन्न सक्ने अचार व्यवसायलाई विशेष जोड दिईनेछ । स्थानीय चोतो लफ्सी लसुनको अचार रुगासागको गुन्द्रुक जस्ता व्यवसाय संचालन गरी अचार एरियाको पहिचान बनाउने कार्यको थालनी गरिनेछ । एक घर एक करेशाबारी हरेक दिन हरियो तरकारी लाई थप जोड दिईनेछ । आगामी २ वर्ष भित्र हरेक परिवार हरियो तरकारीसँग खाना खाएको हुनेछन । यस अभियानका लागी विशेष पहल गरिनेछ ।
- एकहल गोरु एक दुहूनु गाई वा भैंसी नीति लिईनेछ भने अनावश्यक पशुपालन गरिने गाईवस्तुलाई घटाई हरेक व्यक्तीलाई उत्पादनमूलक क्षेत्रबट अगाडि बढाईनेछ ।
- गोठ सुधार तथा मलखाललाई व्यवस्थित पारिदै लगिनेछ । हरेक परिवारले १ किलोमिटर टाढा गोठको व्यवस्था गर्नु पर्ने नीति लिईनेछ ।

## २.२ पर्यटन

**"जनताको आयआर्जनको आधारः पर्यटन पूर्वाधार"**

- पर्यटक स्थलको पहिचान र व्यवस्थापन गरी आन्तरिक तथा बाहृय प्रर्यटक आकर्षक गन्तव्य स्थल तयार गरिदै लगिनेछन ।
- गौमुल हुँदै बुढिनन्दा पैदल पदमार्गको सम्भाव्यता अध्ययन गरिनेछ । यसका लागी संघ सरकार र प्रदेश सरकारसँग आवश्यक बजेटका लागी पहल गरिनेछ ।
- गाउँपालिकाको केन्द्रमा जिल्ला भित्रका आन्तरिक पर्यटक भित्र्याउने गरी माछा स्थानीय अर्गानिक परिकारका खाना लगायत पूर्ण व्यवस्थापन सहितको घटमुना बजार तयार पारी **शुक्रबार गौमुल जाउँ माछा खाउँ पौडी खेलौ र शनिवार आउँ** भन्ने नारा तय गरी प्रचारप्रसार गरिनेछ र यसका लागी भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ । भौतिक पूर्वाधार निर्माणको बजेटको लागी लागी प्रदेश सरकारसँग माग गरिनेछ ।
- आन्तरिक प्रर्यटक तथा बाहृय पर्यटक गन्तव्य स्थलहरु बुडिगंगा नदिको मुहान गौमुल, अन्द्राडीको झरना, राम्राकोट पाटन तथा माझपालीको गुफा लगायतका क्षेत्रहरुको प्रचारप्रसार र आवश्यक मार्गहरुको रेखाङ्कन गरिनेछ भने गाउँपालिकाको कुनै एक नमुना टोललाई होमस्टे टोलको रुपमा विकास गरी प्रर्यटकहरुलाई आकर्षण गर्ने खालका कार्यक्रमहरु विभिन्न मिडीया मार्फत जिङ्गनल प्रशारणको कार्य अगाडि बढाईनेछ ।
- आगामी २ वर्ष भित्र प्रर्यटन गूरुयोजना तयारपारी सकिनेछ ।

## २.३ उद्योग तथा बाणिज्य

- एकघर एक रोजगारको राष्ट्रिय नीतिलाई अवलम्वन गरिनेछ । यो नीतिलाई सार्थक बनाउन लघु तथा साना उद्योगधन्दाहरुलाई प्रोत्साहित गर्ने करछुट गर्ने सामाग्रीहरुमा सहुलियत ऋण

उपलब्ध गराउने र अनुदान कार्यक्रम सञ्चालन गर्ने र हरेक व्यक्तीलाई सवै प्रकारका व्यवसायमा संलग्न गराईनेछ ।

- युवाहरुलाई नागरिकता र सर्टिफिकेट धितो प्रणालीबाट अनुदान उपलब्ध गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- उद्योगधन्दाहरुको संभावनाको खोजी कार्यलाई निरन्तरता दिईनेछ भने गाउँपालिका भित्र रहेका खानीहरुको अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाईनेछ ।
- हरेक परिवारलाई जडिबुटी उद्यमी बनाउने नीति लिईनेछ ।
- परम्परागत सिप तथा उद्योगधन्दालाई आधुनिकीकरण गरिदै लगिनेछ यसका लागी सहुलियतमा सामाग्री उपलब्ध गराउने तथा तालिम दिलाउने कार्य निरन्तर गरिनेछ । महिला दलित वर्गलाई विशेष प्राथमिकता दिईनेछ ।
- छालाजुत्ता सिलाई तालिम, आरन तालिम, च्याउ खेती तालिम, हातेहोजियारी, नेपाली कागज उत्पादन तालिम आदि संचालन गरिदै लगिनेछ ।

### २.४ सहकारी क्षेत्र

- गाउँपालिका भित्रका सहकारीहरुलाई मजवुद र व्यवस्थित गर्दै सहकारी मार्फत जनतालाई व्यावसायिक बनाई गौमुल गाउँपालिकालाई समृद्धि उन्मुख लैजान सहकारीहरुलाई सहुलियत तथा व्यवस्थापन खर्च उपलब्ध गराईनेछ ।
- **<u>एक गाउँ एक सहकारी घरघरमा रोजगारी</u>** को नीति लिईनेछ ।
- सहकारी विज्ञद्बारा सहकारी शिवीर संचालन तथा समय समयमा तालिम संचालन गरिदै लगिनेछन ।
- सहकारी सम्बन्धि राष्ट्रिय केन्द्रिय विषयगत प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य गरिनेछ ।
- उत्कृष्ट सहकारीलाई पुरस्कृत गरिनेछ ।

## ३.पूर्वाधार विकास

### ३.१ सडक तथा पुल

- सबै जनतामा सडकमा पहुँचको नीति लिई सबै वडाहरुमा आगामी ५ वर्षभित्र मोटरबाटो पुर्याईनेछ ।
- आगामी आर्थिक वर्षमा सडक निर्माणलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिका भित्रका सडकहरुको RTMP तयार पारिनेछ । भने सर्भेहुन बाँकी रहेका सडकहरुको डिटेल सर्भेकार्य सकाईनेछ ।
- सडकहरु प्राथमिकताका आधारमा निर्माण गरिदै लगिनेछन ।

- निर्माण भएका सडकहरुको स्तरोन्नती गरि भु क्षेतीलाई कम गर्दै लगिनेछ ।
- सडकको पहुँच नभएका नहुँन सक्ने र झोलुङ्गेपुल आवश्यक पर्ने ठाउँहरुमा आगामी ५ वर्ष भित्र निर्माण गरि सकिनेछ । यसका लागी संघ र प्रदेश सरकारसँग माग गरिनेछ ।

### ३.२ सिंचाई

- सिञ्चीत क्षेत्र एकिन गरि सुख्खा तथा खडेरी क्षेत्रमा सिचाईको व्यवस्था गरिदै लगिनेछ र उत्पादनमा बृद्धि गर्ने लक्ष्य लिईनेछ ।
- आगामी ५ वर्ष भित्र खडेरीमुक्त क्षेत्र वनाई सबै सिञ्चीत क्षेत्रहरुमा साना ठूला तथा थोपा सिंचाई आयोजनाहरु पुरा गरि सकिनेछ ।

### ३.३ भवन तथा गाउँ विकास

- तोकीएको मापदण्डमा भवन र निश्चित स्थानमा गाउँ बजारको नीति लिईनेछ । प्राविधिकद्बारा व्यक्तीको घर तथा सामुदायिक भवन विद्यालय आदिको मापदण्ड सहितको नक्शाहरु तयार पारी आगामी श्रावण महिनाबाट लागु गरिनेछ ।
- गाउँपालिकाका निश्चित स्थानहरुमा गाउँ बजार स्थापना गरिनेछ । जहाँ सबै प्रकारको विक्री वितरण केन्द्र संकलन केन्द्र आदि हुनेछ ।
- आगामी ५ बर्ष भित्र सबै स्वास्थ्य केन्द्रहरुमा कर्मचारी आवाशालय र माविहरुमा छात्रावासमा भुकम्प प्रतिरोधी भवनहरु निर्माण गरि सकिनेछ ।
- हालको बसाईको अवस्था जोखिमपूर्ण रहेकाले बस्तीहरुलाई सुरक्षित स्थानमा बसाउन जरुरी देखिन्छ । बस्ती विकास कार्यक्रम लागु गर्न संघिय तथा प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

### ३.४ उर्जा क्षेत्र

- गाउँपालिका भित्र रहेका लघुजलविद्युत आयोजनाहरुलाई एकीकृत गरी एउटै सिस्टमबाट प्रसारण गर्ने व्यवस्था मिलाईनेछ । यो कार्यको व्यवस्थापन आगामी २ वर्षभित्र पुरा गरी सकिनेछ ।
- खेर गैरहेको पानीलाई उपयोग गरी जनताको आयआर्जनमा जोडिनेछ भने पानीको उपयोगका लागी विभिन्न निजी तथा सरकारी निकायसँग साझेदारी गरिनेछ ।
- वत्तीको पहुँच भन्दा बाहिर रहेका वस्तीहरुमा आगामी ३ वर्षभित्र उज्यालो पुर्याउने गरी फास्टट्र्याकबाट वत्तीको व्यवस्था गरिनेछ ।
- सबै स्वास्थ्य केन्द्र विद्यालय सामुदायिक भवनहरु र वडा कार्यालयहरुमा बैकल्पिक बत्तीको व्यवस्थाका लागी सोलारपावरको व्यवस्था गरिनेछ ।

- लघु तथा साना जल विद्युत आयोजनाहरुको संरक्षण तथा प्रबर्द्धन गर्ने र एकीकृत जलविद्युतको नीति बनाई महशुलमा एकरुपता लयाईनेछ ।

## ३.५ सञ्चार क्षेत्र

- भौगोलिक विकटतालाई ध्यानमा राख्दै सबै जनतामा सञ्चारमा पहुँच पुर्याउन विभिन्न ठाउँहरुमा टावर स्थापना गर्न संघीय सरकार नेपाल टेलीकममा पहल गरिनेछ भने निर्माण भै जडान भएका टावर आगामी ३ महिनामा संचालनमा ल्याउन विशेष पहल गरिनेछ ।
- गाउँपालिकाको कार्यसम्पादनको बारेमा १ मिनेटमा हरेक जनताले जानकारी पाउने खालको मोवाईल एप्सको निर्माण गरी प्रयोगमा ल्याईनेछ । यो कार्य आगामी २ वर्ष भित्र संचालनमा ल्याईनेछ ।
- गाउँपालिकाको मातहतमा एक एफ एम रेडियो संचालन गरिनेछ । आगामी ३ महिना भित्र प्रारम्भिक अध्ययन थालनी गरिनेछ ।

## **४. वातावरण तथा विपद व्यवस्थापन**

### **४.१ वन तथा भुसंरक्षण**

- वन जोगाउ भुक्षयबाट भुमी बचाउको नीति लिदै वन उपभोक्ता समिति विभिन्न संघसंस्था जनता सबै समूहहरुलाई समन्वयात्मक सक्रियता गराउँदै वन जोगाउने अभियानमा लगिनेछ ।
- सबैमा वन समूहहरुको कार्ययोजनालाई फेरबदल गरी समयानुकुलन तथा वैज्ञानिक वन अनुकुल बनाउँदै लगिनेछ ।
- सडक बाटो तथा भवन निर्माण पूर्व वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य वनाईनेछ भने सँगै एक काट्दा १० रोप्ने कार्यक्रम संचालन गरिनेछ ।
- भुक्षय भैराखेको र हुने क्षेत्रहरु निर्धारण गरी सो क्षेत्र केन्द्रित कार्यक्रम ल्याईनेछ । त्यस्ता क्षेत्रहरुको पहिचान आगामी ६ महिना भित्र गरि सकिनेछ भने भुक्षय रोक्ने प्रकारका कार्यक्रम निरन्तर संचालन गरिनेछ । सबै संघसंस्थाहरुलाई सहयोगका लागी आव्हान गरिनेछ ।

४ वन समूहका पदाधिकारीहरुसँग निरन्तर अन्तरक्रिया कार्यक्रम संचालन गरी वनको सही सदुपयोग तथा संबर्द्धनमा सक्रिय गराईनेछ ।

### **४.२ जलाधार संरक्षण**

- जलाधार क्षेत्रहरुको संरक्षणको नीति लिदै जलाधार संरक्षण सम्बन्धि कार्ययोजना तयार पारिनेछ।

### **४.३ वातावरण संरक्षण तथा फोहोरम**

- मानव स्वस्थ रहन फोहोरमैला व्यवस्थापन र स्वच्छ वातावरण भन्ने नाराका साथ हरियो गाउँपालिका निर्माण गर्न प्रत्येक घर सफा अभियान संचालन गरिनेछ । वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा एक स्वस्थ वातावरण समिति तयार पारिनेछ ।
- वातावरणलाई प्रदुषित पार्ने क्रियाकलाप हटाईने व्यवस्थापन गरिने र नियन्त्रणमा राखिनेछ ।
- फोहोर विसर्जन एरिया तय गरिनेछ भने घरबाट निस्किने फोहोरमैलालाई वर्गिकरण गरि उपयोग विधिका वारेमा जानकारीमुलक कार्यक्रम संचालन गरिनेछ ।

**४.४ जलवायु परिवर्तन**

- जलवायु परिवर्तन सम्बन्धि जानकारीमुलक होडिङ्गबोर्डहरु सबैटोलमा व्यवस्थापन गरिनेछन भने जलवायु परिवर्तनले पार्न सक्ने असरलाई कम गर्न सचेतना कार्यक्रमहरु संचालन गरिनेछन ।
- जलवायु सम्बन्धि विशयव्यापी मान्यता तथा संघीय र प्रदेश सरकारले अवलम्बन गरेका नीतिहरुको कार्यान्वयन गरिदै लगिनेछ ।

**४.५ जल उत्पन्न तथा प्रकोप नियन्त्रण**

- जल उत्पन्न प्रकोप न्यूनिकरण तथा तटिय क्षेत्र संरक्षण गरिदै लगिनेछ भने सबै क्षेत्रका नदी खोलाबाट विग्रन सक्ने वा कटान गरी लिन सक्ने अवस्थाको सम्भाव्यता अध्ययन तथा सर्बेक्षण गरिनेछ । यो कार्य आगामी ६ महिना भित्र गरि सकिनेछ ।

**४.६ विपद व्यवस्थापन**

- गाउँपालिकामा एक विपद व्यवस्थापन कोष स्थापना गरिनेछ । विपद पूर्व तयारीका लागी सबैप्रकारका रणनीति तयार पारिनेछन भने आउन सक्ने विपदको पूर्व तयारीका लागी सबै प्रकारका रणनीति तयार पारिनेछन  भने आउन सक्ने विपदको पूर्व तयारीको लागी विपदमा प्रयोगमा आउने श्रोत साधानहरुको जोहो गरी राखिनेछ ।
- विपद आउन नदिन सबै प्रकारका रणनीतिहरु अवलम्बन गरि विपद प्रतिकार्य गुरुयोजनालाई पूर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह**

- प्रशासनिक व्यवस्थालाई मितव्ययी पारदर्शी जवाफदेही र उत्तरदायी बनाई नागरिकलाई सुशासनको प्रत्याभुति गराईनेछ भने आगामी आर्थिक वर्ष भित्र सेवा प्रवाहलाई विद्युतीय माध्यामको अधिकतम उपयोग गरिनेछ ।
- कार्यालयको कामलाई मितव्ययी तथा छिटोछरितो बनाउन first come first service अर्थात पहिलो आउनेलाई पहिलो पालोको नियमलाई लागु गरिनेछ भने मुस्कान सहितको सेवा दिईनेछ ।

- सञ्चार माध्यामको अधिकतम प्रयोग गरि कार्यालयबाट सम्पादन हुने कामको जनतालाई जानकारी गराईनेछ भने गाउँपालिका तथा वडा कार्यालयहरुमा अनिवार्य नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- नियमित रुपमा अनुगमन गरी सार्वजनिक सम्पत्तीको संरक्षण दृश्य प्रदुशणलाई वढवादिने खालका होर्डिङ्गबोर्डहरुको नियन्त्रण तथा व्यवस्थापन गरी अतिक्मणलाई नियन्त्रण गरिनेछ ।
- सुरक्षित शान्त र सफा गाउँ निर्माणको लागी फोहोरमैला व्यवस्थापन सामाजिक अपराध नियन्त्रण राजश्व परिचालन जस्ता क्षेत्रमा नेपाल प्रहरीसँग सहकार्य गरिनेछ ।
- विकास कार्यक्रमहरुको विस्तृत क्रियाकलाप सहितको वार्षिक कार्ययोजना तयार गरी सोको आधारमा बार्षिक बजेट खर्च गरिनेछ । कार्यालयमा आवश्यक सामानहरुको माग प्रक्षेपणको आधारमा जिन्सी सामानहरुको वार्षिक खरिद योजना तयार गरि कार्यानवयन गरिनेछ । सोझै खरिद गरिने जिन्सी सामानहरुको बजार सर्बेक्षण गरी सो समेतको आधारमा दररेट किटान गरी जिन्सी सामानहरुको खरिद कार्य गरिनेछ । यसका लागी जिन्सी निरीक्षण तथा खरिद समिति गठन गरिनेछ ।
- सामानहरुको आपूर्ती मर्मत सम्भार र लिलाम सम्बन्धि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा लयाईनेछ ।
- खरिद प्रक्रियालाई पारदर्शि र मितव्ययी वनाउन परामर्श सेवा खरिद कार्यको लागत अनुमान सम्बन्धि मापदण्ड तर्जुमा गरिनेछ भने सबै किसिमका बोलपत्रहरु विद्युतीय माध्याम मार्फत मात्र स्वीकृती तथा कार्यान्वयन गरिनेछ ।
- कार्यालयको क्षमता अभिबृद्धि गरी कार्यसम्पादन स्तर उच्च बनाईनेछ । कार्यालयको संगठनात्मक संरचना पुनरावलोकन गरिनेछ । विशेषज्ञ सेवा करार गरी कार्यालयको आवश्यकता कार्यबोझ कामको प्रकृति आदिका आधारमा दरबन्दी समेत किटान गरी संगठनात्मक संरचना पुनरावलोकन गरिनेछ ।
- कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु तर्जुमा गरिनेछ भने कर्मचारीहरुलाई विषयगत तालिमहरुको आयोजना तथा अवसर प्रदान गरिनेछ ।
- कर्मचारीलाई सुचक सहितको कार्यविवरण उपलब्ध गराई सोको आधारमा कार्यसम्पादन मापन गरी कर्मचारीको मनोवल उच्च राखिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन र सोको नतिजाको आधारमा कर्मचारीको मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनेछ । कर्मचारीको मनोवल उच्च राख्न मौद्रिक तथा गैर मौद्रिक उत्प्रेणाका माध्यामहरुको प्रयोग गरिनेछ ।
- कर्मचारी आचारसहिंताको पूर्ण पालना गराई दण्ड र पुरस्कारको माध्यामबाट कार्यालयमा सदाचार पद्धतीको विकास गरिनेछ ।

- पदपूरर्ती सम्बन्धि बार्षिक कार्य तालिका तयार पारी लागु गरिनेछ । कर्मचारी नयाँ भर्ना तथा बढुवा प्रक्रियालाई पारदर्शी बनाई स्वच्छ प्रतिस्पर्धाको माध्यामबाट दक्ष जनशक्तीको व्यवस्था मिलाईनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिको व्यक्तीगत विवरणलाई विद्युतीय अभिलेख तयार पारी अद्यावधिक गरिनेछ ।
- कार्यालयको दैनिक कार्य सम्पादनमा सुचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ । ई केएभ्सी गभर्नेन्स सिस्टम कार्यान्वयनमा ल्याउन आवश्यक भौतिक पूर्वाधारको विकास तथा विस्तार गरिनेछ । बर्थिक गतिविधि सफ्टवेयर मार्फत मात्र संचालन गरिनेछ ।
- न्यायिक कार्यप्रणालीमा सामयिक सुधार गर्न द्रुत निर्णय प्रक्रियालाई निरन्तरता दिईनेछ । न्यायिक समितिको कार्यसम्पादनका लागी आवश्यक पर्ने मानव तथा भौतिक व्यवस्थापनलाई छिटोभन्दा छिटो पूर्ति गरिनेछ ।
- मेलमिलाप पद्धतीलाई अझ संस्थागत र प्रभावकारी रुपमा कार्यान्वयन गर्न मेल मिलाप प्रक्रियालाई सरल बनाईनेछ । गाउँपालिकामा पक्ष र विपक्ष भई दायर हुने मुद्धाहरुमा प्रभावकारी प्रतिनिधित्व गर्न दक्ष जनशक्तीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको एकीकृत र योजनाबद्ध विकासका लागी स्वायत्त गाउँपालिका क्षेत्रको अवधारणालाई कार्यान्वयनमा ल्याउन सार्थक पहल गरिनेछ । सरोकारवालासँग छलफल गरी क्षेत्रगत साझा कार्यक्रमहरुको परिचान गरिनेछ ।

**६. वित्तीय व्यवस्थापन र सुशासन**

- आर्थिक कार्यप्रणालीलाई चुस्त दुरुस्त बनाई वित्तीय सुशासन कायम गरिनेछ भने प्रोदभावी लेखा प्रणालीको प्रभावकारी कार्यान्वयनका लागी कार्यालयको स्स्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- पेश्की तथा फच्र्यौट बेरुजु शुन्य बनाउने कार्यलाई थप प्रभावकारी बनाई बक्यौता न्यूनिकरण गरिनेछ ।
- सुचना प्रविधि समेतको प्रयोग गरी वित्तीय व्यवस्थापन सम्बन्धि अभिलेखहरु व्यवस्थित गरिनेछ ।
- आर्थिक क्रियाकलापहरुको मासिक त्रैमासिक र बार्षिक विवरण सूचनापाटी र वेवसाईटका साथै सञ्चार माध्यामहरुबाट सार्वजनिक गरिने कार्यलाई थप नियमित तथा व्यवस्थित गरिनेछ ।
- आम्दानी र खर्चको प्रक्षेपणमा सुनिश्चितता ल्याउन आवश्यक पद्धतीको अवलम्वन र अभ्यास गरिनेछ । बहुबर्षिय खर्च र राजश्व पूर्वानुमान पद्धतीलाई प्रयोगमा ल्याईबजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

- कर्मचारी निवृतीभरण  वितरण कार्यलाई सरल बनाईनेछ । भने निवृतीभरणको रकम बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिने व्यवस्था मिलाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी बनाईनेछ । आगामी बर्थिक वर्षबाट सामाजिक सुरक्षाको भत्ता तोकिएको बैंकमा सेवाग्राहीको छुट्टाछुट्टै व्यक्तीगत खाता खोली रकम वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- विश्वसनीय र गुणस्तरयुक्त लेखापरीक्षणको माध्यामबाट वित्तीय सुशासन कायम गरिनेछ । आन्तरिक लेखापरीक्षण कार्यको बार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- राजश्व संकलन कार्यको उचित मुल्याङ्कन गरी प्राप्त हुने सुझावहरुका आधारमा राजश्व प्रशासनलाई थप प्रभावकारी बनाईनेछ ।
- कर शुल्क दस्तुरको दायरा फराकिलो बनाईनेछ । करको दायरा बढाउन र कर प्रणालीलाई वैज्ञानिक बनाउन एकीकृत सम्पत्ती कर शुरु गरिनेछ । राजश्वको दायरामा आउन बाँकी व्यक्ती तथा संस्थाहरुलाई राजश्वको दायरामा ल्याउन प्रबर्द्धनात्मक कार्यक्रमहरु तर्जुमा गरी संचालनमा ल्याईनेछ । सम्पूर्ण व्यवसायीहरुलाई करको दायरामा आउन अनिवार्य गरिनेछ ।
- राजश्वको संकलन तथा करदाताको अभिलेख व्यवस्थापनमा सुचना प्रविधिको प्रयोग गरिनेछ भने राजश्व प्रशासनको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- राजश्व प्रशासनलाई करदातामैत्री बनाउन करदाता सहयोगी डेस्कलाई अझ प्रभावकारी बनाईनेछ भने मोवाईल सुचना प्रणाली लागु गरिनेछ ।

**अध्यक्ष महोदय,**

**अव म चालु आर्थिक वर्षको खर्च विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

आव २०७४।७५ को २०७५ असार १० गते सम्मको खर्चको विवरण

१ पूर्वाधार विकास ३ करोड १५ लाख २ सय बयानब्बे

२ आर्थिक विकास ७८ लाख ७४ हजार ८ सय उनानब्बे

३ सामाजिक क्षेत्र २ करोड ९८ लाख ८ हजार ५ सय ४

४ वातावरण तथा विपद व्यवस्थापन १२ लाख

५ कार्यलय सञ्चालन, व्यवस्थापन, संस्थागत विकास तथा सुशासान २ करोड ३१ लाख ५८ हजार ८ सय ६४

६ सामाजिक सुरक्षा १ करोड ८५ लाख १ हजार

७ शसर्त अनुदान ३ करोड ४८ लाख ५२ हजार ८ सय ८७

८ ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना २ करोड ३५ लाख २ सय ९८

९ LGCDP १ लाख ६० हजार

गरी कुल खर्च १३ करोड ६९ लाख ८६ हजार  ७ सय ४० भुक्तानी भैसकेको छ भने बाँकी केही योजनाहरु र कार्यक्रमहरुको भुक्तानी हुन बाँकी रहेकोछ ।

**अध्यक्ष महोदय**,

अव म आर्थिक वर्ष २०७५।०७६ को विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आम्दानी तर्फ**

- संघीय सरकारबाट प्राप्त अनुदान १६ करोड ४८ लाख
- प्रदेश सरकारबाट ६६ लाख ९ हजार
- आन्तरिक आम्दानी ४ लाख

कुल जम्मा १७ करोड १८ लाख ९ हजार

**खर्च तर्फ**

- शसर्त अनुदान १० करोड १५ लाख
- पूजिगत ४ करोड ३१ लाख ४३ हजार
- चालु २ करोड १६ लाख ७५ हजार
- समपूरक ५४ लाख ९१ हजार

कूल जम्मा १७ करोड १८ लाख ९ हजार

**अध्यक्ष महोदय**

अव म क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- भौतिक पूर्वाधार तर्फ २ करोड ६४ लाख ५० हजार
- सामाजिक विकास तर्फ ६७ लाख ६३ हजार
- आर्थिक विकास तर्फ २७ लाख
- विपद व्यवस्थापन तर्फ ५ लाख
- सुशासन तथा क्षमता विकास तर्फ ६७ लाख ३० हजार रहेकोछ ।

**अध्यक्ष महोदय**

क्षेत्रगत कार्यक्रमको विस्तृत विवरण अनुसुचिहरुमा उल्लेख गरिएकोछ ।

**अध्यक्ष महोदय**

गौमुल गाउँपालिकाको विकास गर्न व्यवस्थित रुपमा बजेट तर्जुमा नीतिगत निर्णय तथा कार्यक्रमहरु तयार पार्न सहयोग गर्नुहुने अध्यक्ष ज्यू सम्पूर्ण कर्मचारी संघसंस्थाका कर्मचारी साथिहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै विदा हुन्छु ।

**धन्यवाद ।**